प्रदेश मन्त्रिपरिषद् बैठक संख्या-५९/२०७६ को निर्णयहरूः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/४६/१९३-२०७६/७/२० को "सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

(क) "दफा ३ को उपदफा (२) को खण्ड (ङ), (छ), (झ) झिकी उपखण्डहरुको क्रम मिलाउने ।"

(ख) "दफा ८ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने":-

"(ख) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय ।"

(ग) अन्य विषयमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ३/३६/१९०-२०७६/७/२१ को "वित्तिय सम्मेलनको कार्यक्रम स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

"सम्वत् २०७६ साल मंसिर २० गते शुक्रवारका दिन कैलाली जिल्लाको धनगढीमा वित्तिय सम्मेलनको कार्यक्रम आयोजना गर्न स्वीकृत दिने ।अन्य विषयमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं.३/३७/१९४-२०७६/७/२० को "प्रदेश विशेष अनुदान सम्बन्धी पहिलो संसोधन कार्यविधि, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं.३/३८/१९५-२०७६/७/२० को "प्रदेश समपूरक अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०७६ लाई स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

५. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/२९/१९१-२०७६/७/२० को "ग्रामिण अल्ट्रासाउन्ड खरिद तथा वितरणको लागि थप बजेट उपलब्ध गराउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं.७/३०/१९२-२०७६/७/२० को "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"आगामी बैठकमा पेश गर्ने"

७. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं.७/३१/१९६-२०७६/७/२१ को "प्राथमिक स्वास्थ्य सेवामा इमरजेन्सी केयर सुदृढीकरण सम्बन्धी गोष्ठीमा माननीय मन्त्री कृष्णराज सुवेदीलाई मनोनयनका लागि नेपाल सरकार मन्त्रिपरिषदमा सिफारिस गरी पठाउने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली